"समृद्ध नगर : खुसी नगरवासी"
गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३
☎ ०८३-४१००७२
E-mail: info@gurbhakotmun.gov.np
Website: gurbhakotmun.gov.np

पत्र संख्या : २०७९/०८० (शिक्षा, युवा तथा खेलकुद शाखा)
चलानी नं. : 2669

मिति : २०७९।१२।२८

**विषय : शैक्षिक सत्र २०८० को लागि विद्यार्थी भर्ना कार्यक्रम सम्वन्धमा ।**

**श्री विद्यालयहरु (सबै)**
**श्री सामुदायिक सिकाई केन्द्र (सबै)**
**श्री गैर सरकारी संस्था (सबै)**
**गुर्भाकोट नगरपालिका, सुर्खेत ।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प.सं २०७९।०८०, च.नं.४१९, मिति २०७९।१२।२६ गतेको प्राप्त निर्देशन बमोजिम शैक्षिक सत्र २०८० को नयाँ विद्यार्थी भर्ना कार्यक्रम **"समयमै भर्ना, समयमै ज्ञान; गुणस्तरीय शिक्षा, सबैको अभियान"** भन्ने आदर्श वाक्यका साथ सञ्चालन गर्ने निर्णय भएको हुँदा विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षा सम्बन्धी मौलिक अधिकार सारभुत रुपमा कार्यान्वयनका लागि विद्यार्थी भर्ना कार्यकम तपसिल बमोजिम सञ्चालन गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

.................... ९।१२।२८
(पदम बहादुर वि.क)
शिक्षा अधिकृत

पदम वहादुर बि.क.
शिक्षा अधिकृत

तपसिल

विद्यालयले गर्नुपर्ने कार्यहरु;

१. शैक्षिक सत्र २०७९ को वार्षिक परीक्षाको नतिजा प्रकाशन गर्न बाँकी विद्यालयहरुले मिति २०७९ चैत्र मसान्त भित्र प्रकाशन गरी सक्ने तथा विद्यालय व्यवस्थापन समितिको बैठकबाट निर्णय गराई कार्यतालिका सहित विद्यार्थी भर्ना कार्यकम (**२०८० बैशाख १५ गते सम्म सघन रुपमा र ऐ. बैशाख मसान्त भित्र उपयुक्त कारण सहित छुट भएका विद्यार्थीहरुको लागि**) सम्पन्न गर्ने,

२. नयाँ भर्ना भएका विद्यार्थीहरुलाई स्वागत गर्ने, निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने, विद्यालयहरुमा पाठ्यपुस्तक खरिद गरेको विल तथा पाठ्यपुस्तक बुझेको भरपाई यस शाखामा पेश गर्ने साथै पाठ्यपुस्तक वापतको रकम अपुग भएमा खरिद गरेको विल तथा नाम नामेसी सहितको कक्षागत विद्यार्थी भर्ना विवरण संलग्न राखी माग गर्ने,

३. विद्यार्थी भर्नाका लागि आफ्नो सेवाक्षेत्र भित्र व्यापक रुपमा प्रचार प्रसार र सूचना गर्ने । यसका लागि नजिकको एफ .एम.रेडियो, सामाजिक सञ्जाल, स्थानीय मेला पर्व आदिलाई माध्यमको रुपमा प्रयोग गर्ने,



Scanned with CamScanner

☎ ०८३-४१००७२
E-mail: info@gurbhakotmun.gov.np
Website: gurbhakotmun.gov.np

४. कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुले सो तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यको रुपमा आफ्नो सेवा क्षेत्र भित्र विद्यालय रहेका बालबालिकाको लगत संकलन, तिनीहरु विद्यालय बाहिर रहनुको कारण एवम समस्या पहिचान, विद्यालय भर्नाका लागि घरदैलो, सडक नाटक प्रर्दशन जस्ता कियाकलापमा परिचालन गर्ने,

५.अभिभावक विहिन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता बालबालिकाहरुको निरन्तर सहयोग गर्न चाहनेहरुको उचित पहिचान तथा सम्मान गर्ने तथा विद्यार्थी भर्ना एवम अभिभावकत्व ग्रहण गरी भर्ना गर्नेहरुको हकमा सो को समेत अभिलेख व्यवस्थित रुपमा राख्ने र सो को जानकारी शाखामा पठाउने,

६. एक जना शिक्षकलाई विद्यार्थी भर्ना कार्यकमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारी दिने,

७. विद्यालय उमेरका शतप्रतिशत बालबालिका समयमै विद्यालय भर्ना गराई भर्ना सकिए लगत्तै विद्यालय बाहिर बालबालिका नभएको स्वघोषणा गर्ने र स्वघोषणा गरेको जानकारी शाखामा पठाउने,

८. २०८० साल जेठ ७ गते भित्र IEMIS अध्यावधिक गरिसक्ने,

९. २०८० साल वैशाख १० गते आईतवारदेखि अनिवार्य रुपमा कक्षा सञ्चालन गर्ने,

<u>सामुदायिक सिकाई केन्दले गर्नुपर्ने कार्यहरु;</u>

१. आफ्नो सेवा क्षेत्र भित्र सञ्चालित विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत संकलन, भर्नाको समय, स्थान र प्रकृया बारे प्रचार प्रसार, सञ्चार र समन्वय गर्ने तथा सो प्रगति प्रतिवेदन भर्ना अभियान सम्पन्न हुना साथ शाखामा पेश गर्ने,

<u>गैर सरकारी संस्थाले गर्नुपर्ने कार्यहरु;</u>

१. यस नगरपालिका अर्न्तगत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरुको पहिचान गरी विद्यालयमा भर्ना गर्न प्रोत्साहित गर्ने र सो संग सम्वन्धित कार्यकम सञ्चालन गर्ने,

<u>अभिभावकले गर्नुपर्ने कार्यहरु;</u>

१. विद्यालयमा तोकिएको समयभित्र नै जन्मदर्ता प्रमाणपत्र र अन्य आवश्यक कागजात सहित आ आफ्नो वालवालिकाहरुलाई भर्ना गराउने,

<u>थप जानकारीको लागि</u>

विद्यार्थी भर्ना कार्यकम सम्पर्क व्यक्ति; विनिता खड्का (प्राविधिक सहायक) मो.नं. ९८४०२६७६००



Scanned with CamScanner